आज मिति २०७४ साल चैत्र ०६ गते यस हरिनास गा.पा. मा विपद व्यवस्थापन समितिको अध्यक्ष श्री केशमाया थापा ज्यू को अध्यक्षतामा बैठक बसी तपसिल अनुसारको उपस्थिति र निर्णय गरीयो ।

उपस्थिति

(१) अध्यक्ष - श्री केशमाया थापा
(२) सदस्य - श्री धनमाया राना
(३) " - श्री ठण्ड बहादुर राना
(४) " - श्री महेन्द्र गोतामे
(५) सदस्य स. श्री भगिरथ पौडेल
(६) श्री सन्दिप बोगटी

प्रस्ताव तथा निर्णय हरु

प्रस्ताव नं. १: आर्थिक सहायता सम्बन्धमा

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल हुदा हरिनास गा.पा. भित्र सवारी दुर्घटना बाहेक दुर्घटनामा मृत्यु, भएका र घरायसी आर्थिक विपन्न भएका व्यक्ति हरुलाई तपसिल अनुसारको आर्थिक सहायता दिने निर्णय गरीयो ।

तपसिल

(१) भिरबाट लडेर मृत्यु भएमा रु. १५०००।-
(२) आगोलागि भएर मृत्यु भएमा रु. २००००।-
(३) बाढी पहिरोमा परी " " रु. २५०००।-
(४) अन्य प्राकृतिक प्रकोपमा परी मृत्यु भएमा रु. २५०००।-

प्रस्ताव नं. २ :- दुर्घटनामा परी घाइते भएका लाई दिने आर्थिक सहायता सम्बन्धमा ।

निर्णय नं. २ :- प्रस्ताव नं. २ माथि छलफल हुदा दुर्घटनामा परी घाइते भएका गरीब तथा घरायसी आर्थिक अवस्था कमजोर भएका व्यक्ति हरुलाई प्रति व्यक्ती अवस्था हेरी रु. १००००।- देखी १५०००।- सम्म उपचार खर्च बापत आर्थिक सहयोग दिने निर्णय गरीयो ।

Flair

प्रस्ताव नं. ३ :- दैवी प्रकोपमा परी घर गोठ तथा पशु चौपाय नष्ट भएमा दिइने आर्थिक सहयोग सम्बन्धमा

निर्णय नं. ३ :- प्रस्ताव नं. ३ माथि छलफल गर्दा दैवी प्रकोपमा परी घर गोठ र पशु चौपायहरूको नष्ट भएमा अवस्था हेरी रु. 6000/- देखी रु. 20000 सम्म आर्थिक सहायता दिने निर्णय गरियो ।